नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको बैठक

मिति: २०७९।०३।०३ गते

**निर्णयहरु:**

१. यस नगरपालिकाको आगामी आ.व. २०७९।०८० को वार्षिक नीति तथा कार्यक्रममा आवश्यक सुझाव समेटेर दोस्रो नगर सभाको पहिलो बैठमा पेश गर्नका लागि स्वीकृती दिने।

२. वर्षातको मौसम सुरु भएसगैं बाढी पहिरो लगायतका कारण धनजनको क्षति बढीरहेको र सडक संरचनाहरुमा समेत क्षति बढदै गईरहेको सन्दर्भमा तत्काल राहत उपलब्ध गराउन तथा सम्भावित जोखिमका घटना न्युनीकरणको लागि बजेट आवश्यक देखिएकाले यस कार्यालयको कोभिड कोषमा रहेको एक करोड रुपैयाँ रकम विपद् व्यवस्थापन कोषमा रकमान्तर गर्ने ।

३. यस नगर कार्यपालिकाको मिति २०७९।०२।२५ गते बसेको बैठकको निर्णयानुसार विधायन समितिका संयोजक तोकिनु भएका श्री कुलमान विश्वकर्मा जिल्ला समन्वय समिति धादिङको उपप्रमुख निर्वाचित हुनुभएकाले उहाँलाई सफल कार्यकालको शुभकामना दिने र रिक्त हुन आएको विधायन समितिको संयोजक पदमा श्री छनु माया गुरुङलाई चयन गर्ने।

४. यस नगरपालिकाको शिक्षा ऐन, २०७४ को दफा ८८ को उपदफा १ मा नगर कार्यपालिकाबाट नियुक्त लेखापरीक्षकबाट सामुदायिक विद्यालयको लेखा परीक्षण गराउनु पर्ने भन्ने व्यवस्था भएबमोजिम कार्यालयबाट ईच्छुक लेखापरीक्षकलाई निवेदन पेस गर्न गरिएको सूचना बमोजिम प्राप्त हुन आएका १८(अठार) लेखापरीक्षकहरुलाई अघिल्लो वर्षमा लेखा परीक्षण गरेको भएमा सोही विद्यालयमा दोहोरो नपर्ने गरी वरावर विद्यालय पर्ने गरी तयार भएको सूची बमोजिम सामुदायिक विद्यालयहरुको लेखापरीक्षण गर्न लेखा परीक्षक नियुक्त गर्ने । निर्धारित मिति भित्र नियुक्ति लिन नआएमा कार्यालयले १८(अठार) लेखापरीक्षक मध्येबाट सम्बन्धित विद्यालयमा लेखा परीक्षणको लागि नियुक्ति गर्ने ।

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी, धादिङ बागमती प्रदेश, नेपाल

५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस कार्यालयबाट मिति २०७८।११।०१ मा ३० दिनको म्याद राखी बेरोजगारहरुलाई सुचीमा रहनको लागि निवेदन पेस गर्न गरिएको सूचना अनुसार प्राप्त निवेदनहरुलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ठ गरी तयार हुन आएको प्राथमिकताक्रम अनुसारको बेरोजगारहरुको सूची स्वीकृत गर्ने।

६. आगामी कार्यपालिका बैठक मिति २०७९।०३।०५ गते दिउसो २ बजे बस्ने ।